# लेकम गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रातमाटा, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

E-mail:- lekam.rmun@gmail.com
info@lekammun.gov.np
Web: lekammun.gov.np

प.स.:-२०८२/०८३

च.न.

मिति २०८३/०१/०४

**नदिजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आह्वान सम्वन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२।१२।१५ गते**

**पुनः प्रकाशित मिति २०८३।०१।०४ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क र सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक ऐन, २०८२ को दफा ८ को उप दफा १ र यस लेकम गाउँपालिकाको मिति २०८२।१२।१२ गतेको कार्यपालिका बैठकको निर्णय वमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड वमोजिम नदीजन्य पदार्थ उत्खनन गरी तोकिएको दरमा बिक्री गर्नेगरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धी, कर दर्ता प्रमाणपत्र, आ.ब. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| सि.नं. | सूचना नं. बोलपत्र नं. | बोलपत्रको नाम | उत्खलन परिणाम(घन,फिट) | न्यूनतम बोलपत्र रकम (मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | LRM/E/NCB/01/2082/083 | ढुङ्गा, गिट्टी, बालुवा उत्खनन (चमेलिया नदी) | ३,८१,५०८.६५ | १५,२६,०३४.६१ | ७६,५००.०० | १०००.०० |
| २ | LRM/E/NCB/02/2082/083 | ढुङ्गा, गिट्टी, बालुवा उत्खनन (साजिगाड र महाकाली नदीको दोभान) | १,५८,८८९.२५ | ६,३५,५५६.९९ | ३२,०००.०० | १०००.०० |

शर्तहरु

१.फर्मको हकमा नविकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, आ.ब. २०८१।०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा लक्ष्मी सनराईज बैंकको शाखा कार्यालय लेकममा रहेको यस कार्यालयको खाता नं. ०९००३०००२०० मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र खरिद गर्न सकिने छ।बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुने छ।

लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
E-mail:- lekam.rmun@gmail.com
info@lekammun.gov.np
Web: lekammun.gov.np

प.स.:-२०८२/०८३
च.न.

२.बोलपत्र सम्वन्धि फाराम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको लक्ष्मी सनराईज बैंकमा रहेको धरौटी खाता नं. ०९००३०००१८७ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट इजाजत प्राप्त क बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बन्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३.खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम,ठेगाना,कामको विवरण र मोबाइल नं. स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले ७ औं दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ ।

४.एउटा फर्म वा संस्थाका नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्वन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि सम्वन्धित सबैको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधी बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।उक्त दिनमा बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५.बोलपत्र सम्वन्धी बिस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघि, रित नपुगी र शर्तसहित पेश हुन आएका बोलपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

(बसन्त बिष्ट)
नि. प्रमुख प्रशासकीय अधिकृत